# राक्सिराङ्ग गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

चैनपुर, मकवानपुर
(शिक्षा शाखा)

अध्यक्ष:-९८५५०७७६०१
प्र.प्र.अ:-९८५५०८८८६६
www.raksirangmun.gov.np
info@raksirangmun.gov.np
raksirang.rmc@gmail.com

बागमती प्रदेश, नेपाल


प.सं.- ०८०/०८१ च.नं.- ४११६

मिति: २०८१/०१/२६
ने.सं- ११४४ चौलागा ३० बुधवार

विषय: विवरण उपलब्ध गराउने सम्बन्धमा ।

श्री सामुदायिक विद्यालयहरु सबै
राक्सिराङ्ग गाउँपालिका, मकवानपुर ।

प्रस्तुत विषयमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरवार, काठमाण्डौंको मिति २०८०/१२/१८, च.नं. ११५ को विद्यालयको भौतिक विवरण सम्बन्धमा प्राप्त पत्रानुसार सामुदायिक विद्यालयको जग्गा सम्बन्धी विवरण अद्यावधिक गर्ने प्रयोजनको लागि देहायको ढाँचामा तयार पारी सोको प्रमाणित Hard Copy र Soft Copy (Excel Sheet मा नेपाली Unicode प्रयोग गरी) पाँच(५) दिन भित्र यस कार्यालयको शिक्षा शाखामा वा शाखाको Gmail ठेगाना **sikshakharaksirang@gmail.com** मा पेस गर्नहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल:

| जिल्ला | स्थानीय तह | विद्यालयको नाम र ठेगाना | जग्गाको विवरण | | विद्यालयको नाममा दर्ता कायम भएको/ नभएको | जग्गाको प्रयोगको अवस्था | संलग्न कागजात(लालपुर्जा, फिल्डबुक, नक्सा आदि) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | कि.नं. | क्षेत्रफल | | | | |
| | | | | | | | | |

२०८१/०१/२६
पंकस थारु
शिक्षा अधिकृत (लागी)

नेपाल सरकार
**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**
(विद्यालय शिक्षा शाखा)

पत्र संख्याः- २०८०।८१
चलानी नं.:- ११५

सिंहदरबार,
मितिः २०८०।१२।१८ गते
काठमाडौं, नेपाल ।
नेपाल सम्वत् ११४४ चिल्लागा, ८ आइतबार

**विषयः- विद्यालय भौतिक विवरण सम्वन्धमा ।**

श्री शिक्षा विकास तथा समन्वय इकाइ
७७ सबै ।

विगतदेखि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) भित्र Physical बटन समावेश गरी विद्यालयको जग्गा लगायत भौतिक पक्षसँग सम्वन्धित विवरण संकलन र प्रयोग हुदैं आएकोमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रमार्फत् हाल उक्त प्रणाली सुदृढीकरण गरी थप व्यवस्थित बनाउने कार्य भइरहेको व्यहोरा सवैमा अवगत नै छ । गत विगत बर्षहरूको अभ्यास हेर्दा शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा समावेश हुनुपर्ने विद्यालयको भौतिक विवरण पूर्ण रुपमा समावेश नभएका कारण शैक्षिक नीति, योजना, कार्यक्रम र बजेट प्रणालीमा समस्या देखिएकोले विद्यालयको भौतिक पक्षसँग सम्वन्धित सम्पूर्ण विवरण IEMIS मा अनिवार्य रूपमा भर्ने भराउने व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि तहाँ इकाइबाट आवश्यक समन्वय र सहजीकरण हुन अनुरोध छ। साथै तत्काल सामुदायिक विद्यालयको जग्गा सम्वन्धी विवरण अध्यावधिक गर्नुपर्ने भएकोले विद्यालयको नाममा दर्ता कायम भएको र दर्ता हुन बाँकी जग्गाको विवरण स्थानीय तहको सहयोग र समन्वयमा देहाय बमोजिम ढाँचामा तयार पारी सोको Hard Copy र Soft Copy **(Excel Sheet मा नेपाली Unicode प्रयोग गरी)** शिक्षा तथा मानव स्रोत विकास केन्द्रमार्फत् २१ (एक्काइस) दिनभित्र यस मन्त्रालयमा आइपुग्ने गरी पठाउने व्यवस्थाका लागि मिति २०८०।१२।१८ को सचिवस्तरीय निर्णय अनुसार अनुरोध छ ।

देहाय

| सि.नं. | जिल्ला | स्थानीय तह | विद्यालयको नाम र ठेगाना | जग्गाको विवरण | | विद्यालयको नाममा दर्ता कायम भए/नभएको | जग्गाको प्रयोगको अवस्था | संलग्न कागजात (लालपुर्जा, फिल्डबुक, नक्सा आदि) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कि.नं. | क्षेत्रफल | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

**बोधार्थ एवम् कार्यार्थः**

श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरः- यसै बमोजिम कार्यान्वयनका लागि ।
श्री स्थानीय तह, सबैः- समन्वय सहयोग र सहजीकरण हुन ।
श्री सार्वजनिक विद्यालयहरू, सबैः- तोकिए बमोजिम विवरण उपलब्ध गराउनु हुन ।

२०८०।१२।१८
रामप्रसाद शर्मा
उपसचिव

नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पत्र संख्याः- ०८०।८१
चलानी नं.:- ४१८

सिंहदरबार,
काठमाडौं, नेपाल ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

मिति : २०८१।०१।२३
ने.सं. ११४४ चौलागा, १२ आइतबार

विषय : ताकेता सम्बन्धमा ।

श्री शिक्षा विकास तथा समन्वय इकाइ
७७ सबै ।

यस मन्त्रालयको च.नं. ११५ मिति २०८०।१२।१८ को विद्यालयको भौतिक विवरण सम्बन्धी email मार्फत पठाइएको पत्र प्राप्त भएकै हुनुपर्छ । सो सम्बन्धमा सामुदायिक विद्यालयको जग्गा सम्बन्धी विवरण स्थानीय तहको सहयोग र समन्वयमा तोकिएको ढाँचामा तयार पारी सोको Hard Copy र Soft Copy ( Excel Sheet मा नेपाली Unicode प्रयोग गरी) शिक्षा तथा मानव स्रोत केन्द्र मार्फत यथाशिघ्र यस मन्त्रालयमा आइपुग्ने गरी पठाइदिनु हुन निर्देशानुसार अनुरोध छ।

**पुनश्चः** च.नं. ११५ मिति २०८०।१२।१८ को पत्र संलग्न छ ।

**बोधार्थ एवम् कार्यार्थ :**
श्री शिक्षा तथा मानव स्रोत केन्द्र, सानोठिमी, भक्तपुर : माग बमोजिमको विवरण स्थानीय तहको सहयोग र शिक्षा विकास तथा समन्वय इकाइको समन्वयमा संकलन गरी सोको एकीकृत विवरण मन्त्रालयमा यथाशिघ्र पठाउने व्यवस्थाका लागि आवश्यक समन्वय र सहजीकरण हुन ।

२।१।८

गीता शर्मा
शाखा अधिकृत